# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड ४ | संख्या ४ | मिति २०७७।०८।२३ |

## भाग २

**विहादी गाउँपालिका**
**गण्डकी प्रदेशनेपाल ,**

**संवत २०७७ सालको कार्यविधि संख्या ४**

# खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७

विहादी गाउँपालिका

# विहादी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय वहाकीठाँटी पर्वत
# खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधी, २०७७

**प्रमाणिकरण मिति : २०७७/०८/२३**
**प्रथम पटक संशोधन २०८१।०४।१५**

**प्रस्तावना :** विहादी गाउँपालिका क्षेत्रभित्र स्वच्छ खानेपानीको पँहुच सबै गाउँवासीहरुमा पुर्‍याउने उदेश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको स्थापना, दर्ता तथा व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न बान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा २ को खण्ड "ध" १ र २ मा रहेको अधिकार र सोही ऐनको दफा १०२ को अधिकार प्रयोग गरी र विहादी गाँउपालिकाको प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विहादी गाउँकार्यपालिकाले यो कार्यविधि पारित गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७" रहेको छ ।

२) यो कार्यविधि विहादी गाउँपालिका भित्र तुरुन्त लागु हुनेछ ।

**२.परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क)**"कार्यविधि"** भन्नाले विहादी गाँउपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ लाई सम्झनु पर्छ ।

(ख)**"उपभोक्ता "** भन्नाले खानेपानी संग सम्वन्धीत सेवा उपयोग गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ग)**"कार्यपालिका"** भन्नाले विहादी गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(घ)**"गाँउपालिका"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको विहादी गाउँपालिका सम्झनु पर्छ ।

(ङ)**"अध्यक्ष"** भन्नाले विहादी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(च)**"उपाध्यक्ष"** भन्नाले विहादी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(छ)**"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले विहादी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(ज)**"खानेपानी व्यवस्थापन समिति"** भन्नाले गाउँपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन ,मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्न, महसुल निर्धारण गर्न, खानेपानी आयोजना व्यवस्थापन गर्न, निरिक्षण गर्न, अवलोकन तथा मर्मत सम्भार व्यवस्थापनमा नेतृत्वदायी भुमिका निर्वाहका लागि गाउँपालिका अन्तरगत गठन गरिने खानेपानी व्यवस्थापन समिति (Water Management Board) लाई जनाउँछ ।

(झ)**"खानेपानी"** भन्नाले स्वच्छ पिउने पानी लाई सम्झनु पर्छ ।

ञ)**"धारा"** भन्नाले खानेपानीको उपभोग गर्नको निमित्त गाउँपालिका वा सो कार्यालयले कुनै व्यक्ति, संस्था वा निकायका नाममा जडान गरिदिएको धारा सम्झनु पर्छ ।

ट)**"महसुल"** भन्नाले धाराको सुविधा उपभोग गरे वापत उपभोक्ताले उक्त खानेपानी संस्थालाई यस कार्यविधि बमोजिम बुझाउनु पर्ने खानेपानी सेवा महसुल सम्झनु पर्छ ।

ठ)**"मिटर"** भन्नाले खानेपानीको खपतको परिमाण नाप्ने उद्देश्यले उपभोक्ताको पाइप लाइनमा जडान गरिने पानी मिटर लाई सम्झनु पर्छ ।

(ड)**"खानेपानी उपभोक्ता समिति"** भन्नाले विधान अनुसार  गठन भई यस कार्यविधिको दफा १० बमोजिम गठीत भएको खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई सम्झनु पर्छ ।
(ढ)**"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।
(ण)**"मर्मत सम्भार कार्यकर्ता"** भन्नाले खानेपानी योजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि समितिले नियुक्त गरेको तालीम प्राप्त हेरालु तथा मर्मत संभार कार्यकर्तालाई जनाउँछ ।
(त)**"उपभोक्ता"** भन्नाले योजना निर्माणमा योगदान गरी धारावाट पानी उपभोग गर्ने व्यक्ति वा योजना निर्माणमा सहभागि नभएता पनि निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिको निर्णय वमोजिम धारावाट पानी उपभोग गर्न समावेश भएको व्यक्तिलाई जनाउँछ ।
(थ)**"मर्मत सम्भार कार्ययोजना"** भन्नाले योजनाको नियमित रेखदेख तथा मर्मत संभारको लागि उपभोक्ता भेलाद्वारा पारित गरिएको जिम्मेवारी सहितको कार्ययोजनालाई जनाउँछ ।
(द)**"पानी सुरक्षा योजना"** भन्नाले योजनाको मुहान, संरचनाहरु, पाइपलाइन तथा घरेलु स्तरमा पानीको भण्डारण समेतमा हुनसक्ने पानीको प्रदुषण (जोखिम) को सम्भावनालाई अग्रिम रुपमा पहिचान गरी सो हुन नदिनको लागि गर्नुपर्ने प्रतिरोधात्मक कार्यहरुको विवरणलाई जनाउँछ ।
(ध)**"आमभेला"** भन्नाले खानेपानी योजनावाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ६७% (दुई तिहाई) घरहरुवाट प्रतिनिधित्व भएको भेलालाई जनाउँछ ।
(न)**"तालिम"** भन्नाले यस कार्यविधिको दफा १० अनुसार दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता समिति र मर्मत संभार कार्यकर्तालाई छुटाछुटै गरी तिन चरणमा क्षमता अभिवृद्धिका लागी दिइने तालिमलाई जनाउंछ ।
**(प)"जलस्रोत समिति"** भन्नाले विहादी गाउँपालिका स्तरिय खानेपानी व्यवस्थापन समितिलाई जनाउँछ ।
**(फ)"दर्ता भएको"** भन्नाले यस गाउँपालिकाको कार्यालयमा दर्ता भएको समिति/संस्था लाई जनाउँछ ।

## परिच्छेद १

### १.उपभोक्ता समिति दर्ता गर्नु पर्ने :

स्थानीय स्तरमा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एवं अन्य घरेलु प्रयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति स्थापना गर्नु पर्नेछ । यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि उपभोक्ता समिति स्थापना गर्नु हुँदैन ।

### २."खानेपानी व्यवस्थापन समिति" :

गाउँपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन, मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता, महसुल निर्धारण गर्नमा एकरुपता कायम गर्न, खानेपानी आयोजना व्यवस्थापन गर्न, निरिक्षण गर्न, अवलोकन, मर्मत सम्भार व्यवस्थापनमा नेतृत्वदायी भुमिका निर्वाहका लागि गाउँपालिका अन्तर्गत गठन गरिने खानेपानी व्यवस्थापन समिति (Water Management Board) लाई जनाउँछ । जुन निम्नानुसार खानेपानी व्यवस्थापन  समिति गठन गर्न सकिर्नेछ ।

| | |
|---|---|
| १) अध्यक्ष | संयोजक |
| २) उपाध्यक्ष | सदस्य |
| ३) वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक | सदस्य |
| ४) सम्वन्धीत वडाको वडा अध्यक्ष | सदस्य |
| ५) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको तर्फबाट १ जना | सदस्य |
| ६) खानेपानी तथा सरसफाईमा काम गर्ने कर्मचारी  तथा फोकल पर्सन १ जना | सदस्य |
| ७)प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिब |

### ३.खानेपानी व्यवस्थापन (Water Management Board)समितिको काम ,कर्तव्य र अधिकार :-

गाउँपालिका क्षेत्रमा खानेपानी व्यवस्थापन गर्नुपर्ने अवस्थामा सो मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्न, महसुल निर्धारण गर्नमा एकरुपता कायम गर्न, खानेपानी आयोजना व्यवस्थापन गर्न, निरिक्षण गर्न, अवलोकन गर्न, गाउँपालिका स्तरिय "खानेपानी व्यवस्थापन समितिको काम ,कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

**क**) खानेपानी व्यवस्थापन समितिको सचिवालय स्थापना गरी सञ्चालनमा ल्याउने,

**ख**) गाउँपालिकामा खानेपानी तथा सरसफाइ क्षेत्रको व्यवस्थापन सुचना प्रणाली स्थापना गरी खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन सम्बन्धी सुचना तथा तथ्याङ्क व्यवस्थापन गरी अद्यावधिक गर्ने,

**ग**) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन वा पुनर्गठन गर्ने, गराउने ।

**घ**) अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापना गरी आवधिक रुपमला खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने,

**ङ**) गाउँपालिका स्तरमा सञ्चालन तथा मर्मत सम्भार कोष स्थापना गरी कोष बृद्धि गराउन सम्बधित सरोकारवालाहरुलाई प्रोत्साहित गर्न लगाउने ।

**च**) योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको अवस्थाको आधारमा उपभोक्ता समितिलाई पुरस्कार तथा दण्डको पद्धति स्थापना गरी कार्यान्वयनमा ल्याउने ।

**छ**) खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा आवश्यक सहयोग, अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य तोक्ने र सो को अनुगमन गर्ने ।

**ज**) योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन सम्बन्धि वार्षिक प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश गर्ने

**झ**) खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई क्षमताअभिवृद्धि सम्बन्धी तालिमको व्यवस्था गर्ने ।

**ञ**) गाउँपालिका क्षेत्रमा खानेपानी व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो को मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गराउने । त्यस्ता उपभोक्ता समिति दर्ताका लागी सिफारिस गरिदिन माग भई आएमा , माग भए पछि सो अनुसारको समितिले मुल दर्ता गर्न मिल्ने नमिल्ने सम्वन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्था देखिएमा मुल दर्ता सहितको आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरि जलस्रोतको दर्ता प्रमाणपत्र दिने ।

**४. "धारा" :** खानेपानी आयोजना निर्माण गर्दा एक घर एक धाराको अवधारणा अनुसार काम गर्नुपर्नेछ र सोहि अवधारणा अनुसार धारा जडान गर्दा निजी धारा वितरणमा लाग्ने फिटिङ (फेरुल, पानी मिटर र स्याडल आदी) लगायतका फिटिङ अनिवार्य रुपमा जडान गर्नुपर्नेछ । उक्त खानेपानी आयोजना धारा निर्माण गर्दा खानेपानी उपभोक्ता समिति आफुले गरेको निर्णय अनुसार आफ्ना उपभोक्ताहरुलाई प्रत्येक घरधुरीमा धाराको साइजको न्युनतम मापदण्ड तोकी सोहि साइज नघट्ने गरी धारा बनाउन लगाउनु पर्दछ । सोही तोकीएको धाराको साइजको न्युनतम मापदण्ड नक्सा गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ ।

**५."महसुल" :** खानेपानी उपभोक्ता समितिले आफ्नो आयोजना सम्पन्न गरे लगतै र पानी कर उठाउनु भन्दा पहिले नै अनिवार्य रुपमा खानेपानी महसुल निर्धारण गर्नुपर्नेछ । उक्त महसुल निर्धारण गर्नुपूर्व खानेपानी व्यवस्थापन समितिको परामर्श लिनु पर्नेछ, समितिले दिएको परामर्श तथा निर्देशन गर्नु उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

**६."मर्मत सम्भार कार्ययोजना":** खानेपानी उपभोक्ता समितिले आफ्नो उपभोक्ता समितिको कार्यालयमा मर्मत संभार कार्ययोजना बनाई अनिवार्य रुपमा टाँस गर्नुपर्नेछ । सोको एक प्रति गाउँपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

**७."पानी सुरक्षा योजना" :** खानेपानी उपभोक्ता समितिले आफ्नो आयोजनामा खानेपानी सुरक्षा टोली गठन गरी सोको कार्ययोजना बनाई सोही अनुसार काम गर्नुपर्नेछ । उक्त खानेपानी सुरक्षा टोली गठनको एक प्रति गाउँपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

**८."आमभेला" :** खानेपानी योजनावाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ६७%(दुई तिहाई) घरहरुवाट प्रतिनिधित्व गराई खानेपानी उपभोक्ता समितिले प्रत्येक बर्षमा कम्तीम बर्षको एक पटक साधारण सभा तथा आम भेला गर्नुपर्नेछ। सो आमभेला गर्नुपुर्व गाउँपालिकालाई अनिवार्य रुपमा जानकारी दिनुपर्नेछ। सो जानकारी पाए पछि गाउँपालिकाबाट एक जना प्रतिनिधि पठाइनेछ ।

**९.“तालिम” :(१)** खानेपानी आयोजना निर्माण पहिला, निर्माणको क्रममा र निर्माण पछिको समयमा उक्त खानेपानी संस्थाको संस्थागत क्षमता अभिवृद्धिका लागी सो संस्थाका पदाधिकारीहरु , कर्मचारी र मर्मत संभार कार्यकर्तालाई अनिवार्य रुपमा तालिमको व्यवस्था गर्नुपर्नेछ ।
(२) उपनियम (१) बमोजिमको तालिमको प्रत्येक वर्षमा Review गर्नुपर्नेछ ।
(३) उपनियम १ र २ बमोजिमको तालिमको आयोजना सम्बन्धीत उपभोक्ता समिति वा संस्थाले गर्नुपर्नेछ । सो तालिमका लागि प्रशिक्षक आवश्यक भएमा गाउँपालिका संग माग गर्न सक्नेछन ।

**१०.खानेपानी तथा सरसफाई उपभोक्ता समिति/मुल दर्ता गर्नुपर्ने :-**

(१) गाउँपालिका क्षेत्रमा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (मुल) बाट संकलन गरी खानेपानी व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ । खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी संकलन गर्ने उत्पादनको मुख्य श्रोत मुहान (मुल) तथा खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नका लागि गाउँपालिका समक्ष अनुसूची १ बमोजिम दरखास्त पेश गर्नु पर्नेछ । माग भए पछि समितिले मुल दर्ता गर्न मिल्ने नमिल्ने सम्वन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्था देखिएमा गाउँपालिका स्तरिय खानेपानी व्यवस्थापन समितिको निर्णयानुसार अनुसूची २ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र उपलब्ध गराइनेछ ।
(२) उपनियम (१) बमोजिम समिति दर्ता गर्न चाहने कुनै समिति वा संस्थाले कम्तीमा सात जना वा सो भन्दा बढी समितिका व्यक्तिहरु भएको समितिको विधानको एक प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका अध्यक्ष समक्ष निवेदन पेश गर्नुपर्नेछ । उक्त खानेपानी तथा सरसफाई उपभोक्ता समिति पालिकामा दर्ता भई सकेपछि मात्र खानेपानी तथा सरसफाई उपभोक्ता समितिले आफ्नो कामकाज अगाडी बढाउन पर्नेछ ।
(३) उपनियम (२) बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको समय अवधी प्रत्येक आर्थिक वर्षको मसान्त सम्म मात्र हुनेछ । संस्थाको समय अवधी समाप्त भएमा अनिवार्य रुपमा नविकरण गर्नुपर्नेछ ।
(४) उपनियम (३) बमोजिम संस्थाको समय अवधी समाप्त भएको मितिले बढिमा ९० दिन भित्र अनिवार्य रुपमा संस्था नविकरण गर्नुपर्नेछ । उक्त अवधिभित्र दर्ता गर्न नआएमा अनुसूची २ मा उल्लेख भए अनुसार जरिवाना लाग्नेछ ।

## परिच्छेद - २

**११.उपभोक्ता समिति/संस्था दर्ता सम्बन्धी व्यवस्था :**

मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नका लागि कार्यालयमा निवेदन परेपछि उक्त निवेदन उपर खानेपानी व्यवस्थापन समितिले निम्नानुसार प्राथमिकताका आधारमा जाँचबुझ गरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्न सक्नेछ ।

- खानेपानी तथा घरेलु उपयोग
- पशुपालन तथा मत्स्यपालन जस्ता कृषि जन्य उपयोग
- सिंचाई
- जलविद्युत
- घरेलु उद्योग औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग ।
- अन्य

**१२.उपभोक्ता समितिको विधानमा खुलाउनु पर्ने विवरणहरु :** नियम १० बमोजिम पेश गर्नु पर्ने खानेपानी तथा सरसफाई उपभोक्ता समितिको विधानमा समिति अथवा संस्था सम्बन्धी देहायका विवरणहरु अनिवार्य खुलाउन पर्नेछ :–

(क) पूरा नाम र ठेगाना
(ख) उद्देश्य तथा कार्यक्षेत्र
(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क
(घ) सदस्यको निष्काशन राजिनामा
(ङ) हक दावी ,नामासारी वा हकवालाको मनोनयन

(च) साधारण सभा सम्बन्धी
(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम कर्तव्य तथा अधिकार सम्बन्धी)
(ज) सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था
(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि
(ञ) कोष र लेखापरिक्षण
(ट) महशुल निर्धारण तथा सेवाशुल्क सम्बन्धी
(ठ) दण्ड जरिवाना सम्बन्धी
(ड) संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी तालिम
(ढ) विधान संशोधन
(ण) विघटन
(त) विविध

**१३.विधान संशोधन :** उपभोक्ता समिति अथवा संस्थाले आफ्नो विधान संशोधन गर्नुपर्ने भएमा विधान संसोधनको प्रकृया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा खानेपानी व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ र खानेपानी व्यवस्थापन समितिले तत्सम्बन्धी आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

**१४.दरखास्त उपर जाँचबुझ :** (१) नियम १० बमोजिम दरखास्त प्राप्त भएपछि दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा खानेपानी व्यवस्थापन समितिले आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।
(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न खानेपानी व्यवस्थापन समितिले सम्बन्धित दरखास्तवालाई मुनासिब माफिकको म्याद राखी दरखास्त दर्ता भएको मितिले १५ दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ ।

**१५.जलस्रोत उपयोग जाँचबुझ गर्न सक्ने :** (१) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा खानेपानी व्यवस्थापन समितिले आवश्यक जांचवुझ गरी त्यस्तो विवाद समाधान गर्न सक्नेछ ।
**१६.दर्ता तथा नवीकरण शुल्क :** (१) यो कार्यविधि लागू हुँदाको बखत खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता शुल्क रु ५००। र नवीकरण शुल्क रु २००। हुनेछ । साविकको जिल्ला जलश्रोत समितिमा दर्ता भएका समितिको हकमा  कार्यविधि लागू भएको तीन महिना भित्र नवीकरण गरिसक्नुपर्नेछ, अन्यथा वार्षिक करको अतिरिक्त देहाय बमोजिमको जरिवाना लाग्नेछ ।
क) म्याद समाप्त भएको मितिले १ महिना सम्म जरिवाना लाग्ने छैन ।
ख) म्याद समाप्त भएको मितिले ३ महिना सम्म नविकरण गरेमा नविकरण शुल्कको ५० प्रतिशत
ग) म्याद समाप्त भएको मितिले ६ महिना सम्म नविकरण गरेमा नविकरण शुल्कको ८० प्रतिशत
घ) म्याद समाप्त भएको मितिले १२ महिना सम्म नविकरण गरेमा नविकरण शुल्कको १०० प्रतिशत
ङ) म्याद समाप्त भएको मितिले २ वर्ष सम्म नविकरण गरेमा नविकरण शुल्कको अतिरिक्त प्रति वर्ष ३०० प्रतिशतका दरले जरिवाना लाग्नेछ ।
च) म्याद समाप्त भएको मितिले ५ वर्ष सम्म पनि नविकरण गर्न नआएमा उक्त उपभोक्ता समिति स्वत खारेज भएको मानि दर्ता कितावमा खारेज भएको जनाईनेछ ।
(२) उपनियम १ बमोजिमको दर्ता शुल्क र नवीकरण शुल्कमा प्रत्येक आर्थिक वर्ष राजश्व परामर्श समितिको निर्णयानुसार गाउँपालिकाले हेरफेर गरेमा सोही बमोजिम हुनेछ ।
(३) यो कार्यविधि संशोधन हुनु अगावै समयमा नविकरण नगराएर खारेजीमा परेका उपभोक्ता समिति नविकरण गराउन चाहेमा यसै संशोधित कार्यविधि बमोजिम नविकरण गर्न बाधा पुग्ने छैन ।

**१७.उपभोक्ता समितिले सेवा शुल्क तथा महशुल निर्धारण गर्न सक्ने :** (१) विहादी गाउँपालिका भित्र संघ, प्रदेश र स्थानिय तहले विकास गरेका सम्पूर्ण योजनाहरुमा जलस्रोत उपयोग गरेवापतको सेवा शुल्क, दररेट निर्धारण

गर्दा उपभोक्ताले तिर्नु पर्ने अतिरिक्त सेवा शुल्क, महशुल तथा अन्य विविध शुल्क निर्धारण गर्दा खानेपानी व्यवस्थापन समितिको पूर्व सहमति लिई गर्नुपर्नेछ ।
(२) उपनियम (१) बमोजिम सेवा शुल्क निर्धारण गर्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको सञ्चालन तरिका, उपभोक्ता मूल्य सूचीको परिवर्तन जस्ता कुराहरुको आधारमा सेवा शुल्क खानेपानी व्यवस्थापन समितिको सल्लाह सुझाव र निर्देशनमा गर्नुपर्नेछ ।
(३) उपभोक्ता समितिले उपनियम १ बमोजिम उठने रकमको संचालनका लागि व्यवसायिक कार्ययोजना बनाइ समितिबाट पारित गर्नुपर्नेछ ।
(४) उपनियम ३ बमोजिम व्यवसायिक कार्ययोजना बनाउँदा योजना संचालन खर्च बाहेकको सम्पूर्ण रकम अनिवार्य रुपमा मर्मत सम्भार कोष बनाइ बैंक दाखिला गर्ने व्यवस्था गर्नुपर्नेछ ।
**१८.उपभोक्ताले सेवा शुल्क बुझाउनु पर्ने :** जलस्रोतको उपयोगबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताहरुले सेवा उपयोग गरे बापत निर्धारित सेवा शुल्क बुझाउनु निजहरुको दायित्व हुनेछ ।

**१९.सहयोग पुऱ्याउनु पर्ने :** आफ्नो कार्य सम्पादनको सिलसिलामा खानेपानी व्यवस्थापन समितिले खानेपानी तथा सरसफाई उपभोक्ता समितिसंग जलस्रोत तथा खानेपानी संचालन संग सम्बन्धित आवश्यक कुरा लिन वा जान्न चाहेमा जलस्रोत तथा खानेपानी संचालन सँग सम्बन्धित तथ्याङ्कहरु उपलब्ध गराउनु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

**२० .दुर्घटनाको सूचना :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग सम्बन्धी कुनै काम गर्दा कुनै प्रकारले दुर्घटना वा नोक्सानी भएमा खानेपानी व्यवस्थापन समितिलाई तुरुन्त सूचना दिनु पर्नेछ ।
(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो दुर्घटनाका कारण पत्ता लगाउन खानेपानी व्यवस्थापन समितिले आवश्यक निरीक्षण गर्न गराउन सक्नेछ र प्राविधिक दृष्टिकोणबाट त्यस्तो दुर्घटना नदोहोरिन अपनाउनु पर्ने सुरक्षात्मक व्यवस्था गर्न आदेश दिन सक्नेछ र यस्तो आदेशको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

## परिच्छेद - ३

**२१.समिति संगठित मानिने :**
(१) यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति, स्वशासित एंव संगठित र अविछिन्न उत्तराधिकारवाला समिति हुनेछ । सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

**२२.उपभोक्ता समितिको / संस्थाको सम्पत्ती :**
(१) संस्थाको चल अचल सम्पतीको रेखदेख सम्बन्धित उपभोक्ता समितिले गर्नुपर्नेछ । समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ती दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का गरेकोमा कानुनी उपचारको लागी सहजिकरण खोजेमा आवश्यक सहजिकरण खानेपानी व्यवस्थापन समितिले गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ती फिर्ता गर्ने गरी गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले न्यायिक निकायमा पुनरावेदन गर्न सक्नेछ ।

**२३.समितिको कार्यकाल र उदेश्य हेरफेर :**
(१) समितिको कार्यकाल निर्वाचन भएको मितिले दुई बर्षको हुनेछ । समितिले आफ्नो कार्यकाल सकिएको मितिले ३ महिना भित्र निर्वाचन गराईसक्नु पर्नेछ । साथै समितिको उदेश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् सम्वन्धी प्रस्ताब तयार पारी सो प्रस्ताब उपर छलफल गर्न समितिको विधान बमोजिम साधारणसभा बोलाउनु पर्ने छ ।
(२) साधारणसभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्ताबमा समर्थन जनाएमा सो प्रस्ताब साधारण सभाबाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागु गर्न गाउँपालिका खानेपानी व्यवस्थापन समितिको पूर्व स्वीकृत लिनु पर्नेछ ।

**२४.तदर्थ समिति गठन गर्न सकिने:-** (१) नियम २३ को उपनयिम १ बमोजिम म्याद सकिएका उपभोक्ता समितिहरुले ६ महिना भित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा नगरेमा अवधी पुरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी संचालन नियमित गर्न गाउँपालिकाको तर्फबाट सम्वन्धित उपभोक्ता सदस्यहरु मध्ये बाट तदर्थ समिति गठन गरी उक्त समितिलाई निर्धारित समय भित्र साधारण सभा र निर्वाचन समेतका आवश्यक प्रकृया र कारवाही गर्न गराउन जिम्मेवारी दिन सक्नेछ ।
(२) यस अघि जिल्ला जलश्रोत समितिमा दर्ता भइ संचालनमा रहेका, तर कार्यविधि लागू हुनु भन्दा अगावै म्याद समाप्त भएका उपभोक्ता समितिको हकमा यो कार्यविधि लागू भएको मिति देखि ३ महिना भित्र अनिवार्य रुपमा निर्वाचन गरी गाउँपालिकामा दर्ता गर्नुपर्नेछ । सो अनुसार निर्वाचन गरी दर्ता हुन नसकिएमा उपनियम १ बमोजिम हुनेछ ।

**२५.संघ गठन गर्न सकिने:-** दर्ता स्वीकृती प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्ये बाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाउँपालिका स्तरिय खानेपानी तथा सरसफाई उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख समन्वय र मातहतमा अन्य सम्पुर्ण उपभोक्ता समितिहरु लाई व्यवस्थीत रुपमा संचालन गर्न सकिनेछ ।

**२६.हिसाबको विवरण पठाउनु पर्ने :** उपभोक्ता समितिले आफ्नो समितिले बार्षिक रुपमा हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन र सामाजिक लेखापरीक्षण सहित प्रत्येक बर्ष आ.ब.समाप्त भएको ३(तीन) महिना भित्र गाउँपालिकामा पठाउनु पर्नेछ ।

**२७.हिसाब जाँच गर्ने :**
(१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाव आफुले तोकेको कुनै अधिकृत कर्मचारीद्धारा जाँच गराउन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम हिसाब जाँच गर्दा अनियमितता तथा कैफियत देखिन आएमा सो बारेमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित उपभोक्ता समितिलाई स्पष्टीकरण सोधी क्षतिपूर्ति समेत गराउन लगाउनेछ ।
(३) हिसाब जाँच गर्ने व्यक्तिले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिका पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।
(४) हिसाब जाँच गर्ने कर्मचारीले गाउँपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ती सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ ।

**परिच्छेद - ४**

**२८. निर्देशन दिने :** गाउँपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित समितिको कर्तव्य हुनेछ ।

**२९.दण्ड सजाय :**
दफा १० बमोजिम दर्ता नगराई समिति स्थापना गरेमा वा दर्ता नगरी समिति संचालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही एक हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

**३०.समितिको विघटन र त्यसको परिणाम :**
(१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवंस समिति विघटन भएमा अथवा खानेपानी उपभोक्ता समितिले आफुले बनाएको विधान अनुसार काम नगरेमा र आयोजना भताभुङ्ग बनाएमा , नेपाल सरकारको खानेपानी ऐन २०५०, खानेपानी नियामावली २०५५ , खानेपानी बोर्ड ऐन २०६३

र यस विहादी गाँउपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधी, २०७७" अनुसार काम नगरेमा गाउँपालिकाले जुनसुकै बेला पनि उक्त समिति विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

(३) उपदफा (२) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म नियम अनुसार त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ ।

**३१. नियम बनाउने अधिकार :** यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यकता अनुसार नियम बनाउन सक्नेछ ।

**३२. विशेष अवस्थामा तदर्थ समिति गठन गर्न सकिने :** समितिको आफ्नो विधान अनुसार तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा, समितिको पदावधि हुँदाहुँदै पनि विविध कारणवश योजना संचालन हुन नसकी योजना भताभुङ्ग हुने देखिएमा उक्त कार्यसमिति विघटन गरी खानेपानी आयोजना संचालन गर्नका लागी गाउँपालिकाले तदर्थ समिति गठन गर्न सक्नेछ, जुन तदर्थ समितिले नियम २४(१) बमोजिमका कार्य गर्नेछ ।

**३३. बाधा अडकाउ सम्बन्धी :**

यो कार्यविधि कार्यान्वयको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस कार्यविधिको भावना प्रतिकुल नहुने गरि गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**३४. थपघट, हेरफेर वा संशोधन :**

(१) कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) कार्यपालिकाले उपनियम (१) बमोजिम कार्यविधिमा थपघट हेरफेर वा संशोधन गरेको विषयको सुचना सर्वसाधारणको जानकारीको लागी प्रकाशन गर्नुपर्नेछ ।

**३५. यसै बमोजिम भए गरेको मानिने :**

यो कार्यविधि स्वीकृत हुनुपुर्व गाउँ कार्यपालिकाबाट सम्पादन भएका कार्यहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ साथै खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि लागु हुनु पूर्व जलस्रोत ऐन, २०४९ र जलस्रोत नियमावली, २०५० अन्तर्गत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछन ।

विहादी गाउँपालिका

अनुसूची-१
(नियम १० संग सम्बन्धित)
निवेदन पत्रको ढाँचा

श्री अध्यक्षज्यू
'विहादी गाउँपालिका खानेपानी व्यवस्थापन समितिको सचिवालय
वहाकीठाँटी पर्वत

विषय : खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता सम्बन्धमा ।

महोदय

हामीले ......................... उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७ बमोजिम उपभोक्ता संस्था/समिति दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र रु.१०० दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण :
१. उपभोक्ता संस्थाको नाम :
२. कार्य क्षेत्र :
३. उद्देश्यहरु :
४. सदस्यहरुको नाम ठेगाना र पेशा
(क)
(ख)
(ग)
(घ)
(ङ)
(च)
(छ)
(ज)
(झ)
५. उपयोग गरिने जलस्रोतको विवरण :-
(क) जलस्रोतका नाम र रहेको ठाउँ :-
(ख) जलस्रोतबाट गरिने प्रयोग :-
(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण :-
(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग :-
६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण :-
(क) सेवाको किसिम :-
(ख) सेवा पुऱ्याउने क्षेत्र :-
(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको सख्या :-
(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :-
७. आर्थिक स्रोतको विवरण :-
८. कार्यालयको ठेगाना :-

निवेदक,
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको
सही :
नाम :
पद :

बिहादी गाउँपालिका

विहादी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

वहाकीठाँटी पर्वत

अनुसूची-२

(नियम १० सँग सम्बन्धित)

उपभोक्ता संस्था दर्ता प्रमाण पत्र

दर्ता मिति :

दर्ता नम्बर :

श्री ....................................................

.......................................................।

तपाईले मिति .........................मा दिएको दरखास्त अनुसार उपभोक्ता समिति/संस्था दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

यस विहादी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वतको ' खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७' को दफा १० (१) बमोजिम खानेपानी व्यवस्थापन समितिको मिति............................ गतेको निर्णयानुसार निम्नानुसार विवरणमा उल्लेख भए बमोजिम उपभोक्ता समिति/संस्था यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । यस पालिकाको खानेपानी सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

प्रमाणित गर्नेको सही :

नाम, थर :

पद :

मिति :

मुहानको नाम :

मुहानको चार किल्लाको विवरण :

क) पूर्व :

ख) पश्चिम :

ग) उत्तर :

घ) दक्षिण :

उपभोक्ता समितिको छाप

कार्यालयको छाप

विहादी गाउँपालिका

# उपभोक्ता संस्था नविकरण सम्बन्धी विवरण

१) उपभोक्ता समितिले म्याद समाप्त भएको मितिबाट ९० दिन भित्र नविकरण गर्नुपर्नेछ ।

२) म्याद नाघेको १ महिना महिना भित्र नविकरण गरेमा जरिवाना लाग्ने छैन । अन्यथा कार्यविधिको दफा १६ तथा आर्थिक ऐन बमोजिम जरिवाना लाग्नेछ ।

| नविकरण मिति | नविकरणको अवधि | | नविकरण दस्तुर र रसिद नं: | नविकरण अधिकारीको दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

।

विहादी गाउँपालिका